दार्मा गाउँपालिका, सल्यान

स्थानिय राजपत्र

खण्डः संख्याः मितिः २०७६/ /

दार्मा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन, २०७६

**प्रस्तावनाः**

दार्मा गाउँपीलिका वासीहरुलाई संविधानमा सुनिश्चित गरिएको स्वास्थ्य सम्वन्धी हक कायम गराउन र "नेपालको संविधान, २०७२ को धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ झ मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.ज वाट दार्मा गाउँपालिकाले पाएको अधिकार प्रयोग गरी गाउँपालिकाको क्षेत्र भित्र र समग्र स्वास्थ्य क्षेत्रको विकासकालागी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सबैको पहुँच कायम गर्न दार्मा गाउँपालिकाको क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसयमा व्यापक सुधार गर्दै समयानुकुल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधान को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार दार्मा गाउँपालिकाको गाउँ सभावाट दार्मा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ पारित गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई दार्मा गाउँपालिकाको **"स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७६"** भनिने छ ।

(ख) गाउँसभाबाट स्विकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात यो ऐन लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस ऐनमा

(क) "ऐन" भन्नाले दार्मा गाउँपालिकाको "स्वास्थ्य तथा सरसफाई ऐन, २०७६" लाई सम्झनु पर्दछ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय सरकारको "जनस्वास्थ्य सेवा ऐन २०७६" लाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले दार्मा गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "व्यवस्थापन समिति" भन्नाले परिच्छेद ८ को दफा ३९ को उपदफा २ बमोजिम बनेका स्वास्थ्य संस्थाहरुको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले परिच्छेद ८ को दफा ३९ को उपदफा ७ बमोजिमको दार्मा गाउँपालिकाको स्वास्थ्य सुशासन एवं गुणस्तर सुधार सुनिस्चितता कार्य समितिलाई सम्झनु पर्दछ ।

(झ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश र स्थानिय तहबाट सन्चालित स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(ञ) "प्रादेशिक ऐन" भन्नाले कर्णाली प्रदेश सरकारले स्वास्थ्य सम्वन्धी बनाएको ऐन बुझ्नु पर्दछ ।

(ट) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल प्रदान गरिने सेवा सम्झानु पर्दछ ।

(ठ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्कता पूर्तिका लागी राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्दछ ।

(ड) "गैरसरकारी वा निजि स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्विकृति लिई गैरसरकारी वा निजि क्षेत्रको लगानी तथा स्वामित्वमा सन्चालन भएका स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(ढ) "जोखिमयुक्त क्षेत्र" भन्नाले कार्यस्थल वा कार्य प्रकृतिका कारण मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने कुनै पनि रसायनिक, भौतिक तथा जलवायु परिर्वतन जन्य, मनोसामाजिक, शारीरिक, भौतिक तथा भौगोलिक अवस्था रहेको कार्यक्षेत्रलाई सम्झनु पर्दछ र सो शव्दले स्वास्थ्य उपचारका बेला स्वास्थ्यकर्मीहरुलाई हुने सम्भाव्य जोखिम समेतलाई जनाउनेछ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियम र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(त) "परम्परागत उपचार प्रदायक" भन्नाले परम्परागत रुपमा जडिबुटि र खनिजबाट उपचार प्रदान गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(थ) "शाखा" भन्नाले दार्मा गाउँपालिकाको स्वास्थ्य विषय हेर्ने शाखा सम्झनु पर्दछ ।

(द) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्दछ ।

(ध) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र समुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्दछ ।

(न) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्दछ ।

(प) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, योग, अकुपन्चर चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्दछ ।

(फ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी वा निजि वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(ब) "निदान केन्द्र" (डाइग्नोस्टिक सेन्टर) भन्नाले रेडियो इमेजिङ, प्रयोगशालाबाट गरिने जैविक तथा पराजैविक जाँच लगायतका निदानात्मक सेवाहरूप्रदान गर्न कानुन बमोजिम इजाजत प्राप्त संस्थाले सञ्चालन गरेको सेवा केन्द्र सम्झनुपर्दछ ।

(भ) मन्त्रालय भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या सम्बन्धि हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्दछ ।

## परिच्छेदः २

## सेवाग्राहीको अधिकार, कर्तव्य तथा स्वास्थ्य संस्थाको दायित्व

**३. स्वास्थ्य सेवाको पहुँच तथा सुनिस्चितताः**

(१) प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्राप्त गर्ने प्रयोजनको लागि प्रचलित कानून तथा गाउँपालिकाले समय समयमा तोके बमोजिमको स्वास्थ्य सम्बन्धि कार्यक्रममा समावेश हुनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

(४) प्रत्येक नागरिकलाई देहायका शिर्षक अन्तर्गतका तोकिए बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्राप्त गर्ने हक हुनेछ :-

- (क) खोप सेवा ।
- (ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवति, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा ।
- (ग) सरुवा रोग सम्बन्धि सेवा ।
- (घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा ।
- (ङ) मानसिक रोग सम्बन्धी सेवा ।
- (च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा ।
- (छ) आकस्मिक सेवा ।
- (ज) स्वास्थ्य प्रवर्द्धन सेवा ।
- (झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त बैकल्पिक स्वास्थ्य सेवा ।
- (ट) संघीय सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा ।
- (ठ) प्रदेश सरकारले राजपत्रमा सुचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा ।
- (ड) दार्मा गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना जारी गरी गाउँपालिकाको लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

(५) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (४) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा दार्मा गाउँपालिकाले थप गर्न सक्नेछ । थप गरिएका सेवाहरुको हकमा आर्थिक भार दार्मा गाउँपालिकाले व्यहोर्नु पर्नेछ वा थप गरिएका प्रयोगशाला लगायतका विशेष सेवाहरुको व्यवस्थापनको लागि सेवाग्राहिबाट न्युन सेवा शुल्क निर्धारण गर्न सक्ने छ तथा संघ वा प्रदेशसंगको आर्थिक एवं प्राविधिक सहयोगमा समेत संचालन गर्न सक्नेछ ।

(७) गाउँपालिकाले प्रदेश तथा संघ अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुको साझेदारीमा समेत आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

**४. आकस्मिक उपचार सेवा :**

(१) गाउँपालिका भित्र संघीय सरकार र प्रदेश सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि स्वास्थ्य संस्थाहरुले समन्वय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलव्ध गराउन प्रत्येक स्वास्थ्य संस्था भित्रका कर्मचारीहरुको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वास्थ्य संस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध हुन नसकेमा त्यस्तो स्वास्थ्य संस्थाले सो स्वास्थ्य संस्थाबाट उपलब्ध हुने उपचार तत्काल उपलब्ध गराई थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम उपचार गर्दा लागेको खर्च सम्बन्धित व्यक्तिको स्वास्थ्य विमा भएकोमा सो बाट र स्वास्थ्य विमा नभएकोमा वा स्वास्थ्य विमाको रकमले नपुग हुने भएमा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरिएको व्यक्तिले व्यहोर्नु पर्नेछ । तर आधारभुत स्वास्थ्य सेवा अन्तर्गत पर्ने स्वास्थ्य सेवा स्वास्थ्य संस्थाले निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(५) यस दफा बमोजिम आकस्मिक उपचार सेवा प्रदान गर्दा सम्बन्धित सेवाग्राहीलाई उपचार शुरु गरिसकेपछि मात्र त्यस्तो सेवा प्राप्त गर्दा पूरा गर्नु पर्ने प्रकृया अवलम्बन गर्न लगाउनु पर्नेछ ।

(६) आकस्मिक उपचार सेवा सम्बन्धि अन्य व्यवस्था संघ, प्रदेश वा गाउँपालिकाले तोकिए बमोजिम हुनेछ ।

**५. विषेशज्ञ स्वास्थ्य सेवा :**

(१) भौगोलिक अवस्था, रोगको प्रकोप दर र सेवाको प्रकृतीका आधारमा दार्मा गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवाको व्यवस्थापन गराउन सक्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाउँपालिकासँग स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

**६. प्रेषण (रेफरल) सेवा :**

(१) गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, बिशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(३) विशेषज्ञ सेवा र आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था बिच आवश्यक प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(४) प्रेषण सम्बन्धि अन्य सेवा र सुबिधा गाउँपालिका, संघ र प्रदेशबाट व्यवस्था गरे बमोजिम वा तोकिए अनुसार हुनेछ ।

**७. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने :**

(१) गाउँपालिकाले नेपाल सरकारबाट तोकिए बमोजिम प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) संघीय वा प्रदेश सरकारको समन्वय एवं गाउँपालिकाको उपलब्ध श्रोतको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न देहाय बमोजिमको कार्यहरु गर्नुपर्नेछ :-

(क) राष्ट्रिय वा प्रादेशिक नितिको आधारमा नागरिकको स्वास्थ्य संरक्षण र सम्वर्धन गर्ने ।

(ख) स्वास्थ्य सेवाको प्राथमिकता निर्धारण गरि समतामुलक तवरबाट सेवा उपलब्ध गराउने ।

(३) संघ तथा प्रदेशको समन्वयमा गाउँपालिकाले आवश्यकताको आधारमा तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरि त्यस्ता संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्नेछ ।

**८. सेवाग्राहीको कर्तब्य :**

स्वास्थ्य संस्थामा वा स्वास्थ्यकर्मीसंग सेवा लिने सेवाग्राहीको कर्तब्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने (खानपिन, योग तथा शारीरिक व्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थाबाट दिइने सेवाको उपभोग गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य संस्थाको नियमको पालना गर्ने,

(ग) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानुन नेपाल सरकार, प्रादेशिक सरकार तथा गाउँपालिकाले समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्बन्धि कार्यक्रममा समावेस हुनु प्रत्येक दार्मा गाउँपालिकाबासीको कतर्व्य हुनेछ,

(घ) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचारमा स्वास्थ्यकर्मीलाई सघाउ पुऱ्याउने,

(ङ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मीप्रति कुनैपनि किसिमको हिंसा नगर्ने, आवश्यकता अनुसार उपचार सहमती फाराम (मन्जुरीनामा) मा हस्ताक्षर गर्ने,

(च) स्वास्थ्य संस्थाले आवश्यक सेवाको लागि प्रेषण गरेमा सम्बन्धित संस्थामा गई सेवा लिने ।

(छ) सिफारिस गरिएको संस्थामा आंशिक वा पुरा उपचार लिन अस्विकार गरेको अवस्थामा उपचार कार्ड वा डिस्चार्ज सर्टिफिकेटमा उल्लेख गरि हस्ताक्षर गर्ने ।

**९. उपचार गराउने दायित्व हुने :**

परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व स्वीकार गरिएको कुनै पनि व्यक्ति विरामी भएमा त्यस्तो व्यक्तिलाई स्वास्थ्य संस्थामा लैजानु, उपचार गराउनु, उपचार खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ ।

**१०. सेवाग्राहीलाई जानकारी दिनुपर्ने :**

(१) प्रत्येक स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले सेवाग्राहीलाई देहायका विषयमा जानकारी दिनुपर्नेछ :-

(क) प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको सम्बन्धमा जानकारी दिने तर सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना दिंदा निजको वा समुदायको हित विपरित हुन सक्ने पर्याप्त आधार भएमा स्वास्थ्य संस्थालाई त्यस्तो सूचना गोप्य राख्न कुनै वाधा पर्नेछैन ।

(ख) रोगको निदान, निदान भएको रोगको प्राकृतिक परिणाम र उपचार संग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) स्वास्थ्य उपचार सम्बन्धि विकल्पसंग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा अस्विकार गर्न सक्ने र सेवा अस्विकार गर्दा उत्पन्न हुन सक्ने सम्भावित परिणाम, जोखिम र दायित्व सम्बन्धमा ।

(२) स्वास्थ्य संस्थाले सेवाग्राहीलाई उपदफा (१) बमोजिमको जानकारी उपलब्ध गराउँदा सम्भव भए सम्म निजले बुझ्न सक्ने भाषामा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सूचना सम्बन्धित सेवाग्राहीलाई दिन नसकिने अवस्थामा निजको परिवारको सदस्यलाई दिनुपर्नेछ ।

**११. सेवाग्राहीको सुसूचित सहमति (इन्फर्म्ड कन्सेन्ट) लिनुपर्ने :**

(१) प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनुपर्नेछ । सुसूचित सहमति भन्नाले कानूनी रुपले सक्षम व्यक्तिले स्वास्थ्य सेवा लिन दिएको लिखित वा मौखिक सहमति सम्झनुपर्दछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि तोकिएको उपचार प्रदान गर्न लिखित सहमति लिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएको अवस्थामा सेवाग्राहीको सुसूचित सहमति बिना स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ :-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न सक्ने अवस्थामा नरहेको र कसैलाई पनि त्यस्तो सहमति प्रदान गर्ने अनुमति वा अख्तियारी नदिएकोमा उपलब्ध भएसम्म क्रमशः निजको पति वा पत्नि, बाबु वा आमा, हजुरबुवा वा हजुरआमा, उमेर पुगेका छोरा वा छोरी, दाजुभाई वा दिदिबहिनी वा उपलब्ध सेवाग्राहीको निकटतम व्यक्तिले सहमति दिएको अवस्थामा,

(ख) प्रचलित कानून वा अदालतको आदेश बमोजिम सहमति बिना नै स्वास्थ्य सेवा उपलब्ध गराईएको अवस्थामा,

(ग) कुनै व्यक्तिलाई उपचार नगर्दा जनस्वास्थ्यमा गम्भिर खतरा उत्पन्न हुने अवस्था रहेकोमा,

(घ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरिएमा सम्बन्धित बिरामीको मृत्यु हुन सक्ने वा निजको स्वास्थ्यमा अपुरणीय क्षती पुग्न सक्ने सम्भावना रहेकोमा,

(ङ) सम्बन्धित व्यक्तिले व्यक्त वा अव्यक्त रुपमा वा आचरणद्वारा स्वास्थ्य सेवा लिन अस्विकार नगरेमा,

(च) तोकिए बमोजिमको अन्य अवस्थामा ।

**१२. समान व्यवहार गर्नुपर्ने :**

(१) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्बन्धित स्वास्थ्यकर्मिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विरामीको स्वास्थ्यको गम्भीरताको आधारमा स्वास्थ्य संस्थाले उपचार वा सेवा प्रदान गर्दा प्राथमिकिकरण गर्न सक्नेछ ।

(३) कुनै पनि स्वास्थ्य संस्थाले कसैलाई निजको उत्पत्ति, धर्म, वर्ण, जात, जाती, लिङ्ग, पेशा, यौनिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, अपाङ्गता, बैवाहिक स्थिति, गर्भावस्था, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा उपचार वा सेवामा भेदभाव गर्नु, गराउनु हुँदैन ।

**१३. पेशागत आचरण :**

स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मिले सम्बन्धित परिषदहरुले निर्धारण गरे बमोजिमका पेशागत आचरण पालना गर्नु पर्नेछ ।

**१४. गोपनियता कायम राख्ने :**

(१) स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा निजले प्रदान गरेको उपचार वा सेवा लगायतका सूचनाहरु गोप्य राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा सूचना सार्वजनिक गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन :-

(क) सूचना सार्वजनिक गर्न सेवाग्राहीले लिखित सहमति दिएमा,

(ख) अदालतको आदेश वा प्रचलित कानून बमोजिम सूचना सार्वजनिक गर्नुपर्ने भएमा,

(ग) सूचना सार्वजनिक नगर्दा त्यसबाट जन-स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने देखिएमा ।

(३) उपदफा (२) को खण्ड (ग) को प्रयोजनको लागि जन-स्वास्थ्यमा गम्भीर असर पर्ने वा नपर्ने सम्बन्धमा गाउँपालिकाको स्वास्थ्य शाखा र पालिका स्तरीय स्वास्थ्य, सुशासन, गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. डिस्चार्ज (बर्हिगमन) सारांश दिनुपर्ने :**

प्रत्येक स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराईरहेको बिरामी वा सेवाग्राहीलाई डिस्चार्ज गर्दा त्यस्ता संस्थाले तोकिए बमोजिमको जानकारी सहितको डिस्चार्ज सारांश दिनुपर्नेछ ।

**१६. स्वास्थ्य संस्थाको दायित्व :**

(१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सुचना प्रवाह गर्नुपर्नेछ ।

(२) सुचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य बिभिन्न संचार माध्यमद्वारा जनतासम्म प्रवाह गर्नुपर्नेछ ।

(३) स्वास्थ्य सेवामा गरिब र पछाडी परेका बर्गको पहुँच स्थापीत गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनासो ब्यवस्थापन गर्ने कार्यविधी समेत उल्लेख गरि सुचना प्रवाह गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने र रोक्ने तर्फ तोकिएको सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवाप्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्नेछ ।

**१७. स्थानीय प्रशासनलाई जानकारी गराउने :**

(१) कसैले दुर्घटना वा अन्य कारणले कुनै व्यक्तिलाई उपचारको लागि कुनै स्वास्थ्य संस्थामा लगेमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो व्यक्तिलाई तत्काल आफुसंग उपलब्ध भएसम्मको उपचारको सेवा प्रदान गर्नुपर्नेछ र त्यस्तो व्यक्तिको पहिचान हुन नसकेमा सोको जानकारी तत्काल स्थानीय प्रशासनलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्थाले सूचना दिंदा उपचार गरिएको व्यक्ति र निजसंग सम्बन्धित उपलब्ध भएसम्मको अन्य जानकारी समेत दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त भएपछि स्थानीय प्रशासनले सम्बन्धित व्यक्तिको परिवार, अभिभावक वा संरक्षकको खोजी गरी सोको जानकारी गराउनु पर्नेछ ।

**१८. उजुरी गर्न सक्ने :**

स्वास्थ्य सेवा प्रदान गर्दा उपचारको प्रकृया प्रति निजलाई कुनै आशंका भएमा निजले स्वास्थ्य सेवा प्राप्त गर्दा वा उपचारमा संलग्न स्वास्थ्यकर्मि तथा स्वास्थ्य संस्थाप्रति तोकिएको निकायमा तोकिए बमोजिमको उजूरी गर्नसक्नेछ ।

**१९. शर्त बन्देज लगाउन सक्ने :**

स्वास्थ्य संस्थाको प्रमुखले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदायकको स्वास्थ्य स्थितिको आधारमा स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवामा निश्चित शर्त बन्देज लगाउन सक्नेछ ।

**२०. आवश्यक उपाय अवलम्बन गर्ने :**

प्रत्येक स्वास्थ्य संस्थामा प्रचलित कानूनको अधिनमा रही कर्मचारीको सुरक्षा र रोगको संक्रमण नहुने र रोक्ने तर्फ आवश्यक उपायको अवलम्बन गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## स्वास्थ्य प्रणाली र सेवा व्यवस्थापन सम्बन्धि

**२१. स्वास्थ्य संस्थाको संचालन र नियमन :**

(१) गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुको संरचना र सो संस्थाले प्रदान गर्ने सेवा सम्बन्धि व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) स्वास्थ्य संस्थाको तहगत रुपमा उल्लेखित न्यूनतम सेवा मापदण्ड मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको मापदण्डको अधिनमा रही प्रत्येक स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्नु पर्नेछ ।

(४) नेपाल सरकार जन-स्वास्थ्य ऐन २०७५ प्रारम्भ हुनुपूर्व स्थापना भई संचालनमा रहेका गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुले गाउँपालिकाले तोकेको समयभित्र उपदफा (२) बमोजिम तोकिएको मापदण्ड पूरा गर्नुपर्नेछ

(५) स्वास्थ्य सेवा प्रवाहका लागि निजि वा गैह्र सरकारी स्वास्थ्य संस्थासंग समेत साझेदारी गर्न सकिनेछ ।

(६) निजि तथा गैह्र सरकारी, निजि वा सहकारी वा गैह्र नाफामुलक वा सामुदायिक स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवाको मापदण्ड, ईजाजत तथा नियमनको व्यवस्था नेपाल सरकारको नेपाल राजपत्रमा उल्लेख भए बमोजिम निर्धारण गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम निर्धारण भएको मापदण्ड बमोजिम स्वास्थ्य संस्था संचालन गर्नु पूर्व गाउँपालिकाबाट ईजाजत पत्र अनिवार्य लिनुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम स्वास्थ्य संस्थालाई ईजाजत दिने, नविकरण गर्ने तथा त्यस्तो स्वास्थ्य संस्थाको अनुगमन, मुल्याङ्कन तथा नियमन गर्ने सम्बन्धि व्यवस्था यस ऐनले तोकिए बमोजिम हुनेछ ।

(९) गाउँपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तिमा एउटा आर्युवेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्न सक्नेछ ।

**२२. स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड र पुर्वाधार :**

गाउँपालिकाले संचालन गर्ने स्वास्थ्य संस्थाको मापदण्ड यस प्रकार हुनेछ ।

(१) **अस्पतालः** गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) **स्वास्थ्य चौकी :** गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्इ इकाई संचालन गर्नुपर्नेछ :

(क) **जनशक्ति :** स्वास्थ्य चौकी स्तरमा स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट)-१ जना, अहेव-२ जना, अनमी-२ जना तथा आवश्यकता अनुसार ल्यव तथा सहायक कर्मचारीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्इ इकाइमा १ जना हेल्थ असिस्टेण्ट/अहेव र १ जना स्टाफ नर्स/अनमी र आवश्यकता अनुसार ल्याव तथा सहायक कर्मचारीहरु ।

(ख) **भवन कोठा :** प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक तथा समान्य उपचार कक्ष, पूर्व तथा उत्तर प्रसुति कक्ष, सोधपुछ तथा विरामी दर्ता कक्ष, औजार एवं सामाग्री निर्मलीकरण कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) **उपकरण :** न्युनतम सेवा मापदण्ड अनुरुप प्राथमिक उपचारका लागि तोकिए बमोजिमका आधारभूत उपकरणहरु ।

(३) निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।

(क) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(ख) उपदफा (३) को खण्ड (क) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धि निर्देशिका २०७४ मा उल्लेख भएको मापदण्ड अनुसार गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(ग) स्वास्थ्य, सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) **अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(क) जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी ।

(ख) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ आदि ।

(ग) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(५) **पोलिक्लिनिक संचालनको अनुमती :**

(क) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(ख) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(६) **प्रयोगशाला वा ल्याबोरेटोरी संचालन :** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(क) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

(ख) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात ।

(ग) रेडियोलोजी वा प्याथोलोजी विषयमा अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ।

(घ) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार ।

(ङ) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

(७) **फार्मेसी संचालनको अनुमती :**

(क) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(ख) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(ग) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(घ) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

(८) उपदफा (१) देखि (७) सम्म जुनकुरा लेखिएको भएता पनि कुनै पनि अस्पताल, पोलिक्लिनिक, फार्मेसी र प्रयोगशाला संचालन सम्बन्धिका मापदण्डहरु प्रदेश वा संघीय सरकारले तय गरे बमोजिम समेतको हुनुपर्नेछ ।

(९) **मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(क) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(ख) प्रयोगशाला संम्वन्धि अध्ययन वा तालिम प्राप्त बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको आम जनतालाई जानकारी दिइने ।

(ग) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

(घ) तोकिए बमोजिमको मापदण्ड पूरा नगर्ने र तोकिए बमोजिमको ईजाजत-पत्र नलिई संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको ईजाजत-पत्र स्वतः खारेज भएको मानिनेछ ।

(१०) सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

(११) **पूर्वाधार विकास :**

(क) गाउँपालिकाले संघिय सरकार तथा प्रदेश सरकारसगँको समन्वयमा स्वास्थ्य भौतिक पूर्वाधारको बर्तमान अवस्था लेखाजोखा गर्ने छ ।

(ख) बिगतका सम्झौता भै निमार्ण कार्य सम्पन्न हुन नसकेका भौतिक संरचनालाई नियमानुसार समय मै निर्माण गर्नुपर्नेछ ।

(ग) गाउँपालिकाले गाउपालिकाभित्र मर्मत तथा निर्माण गर्नुपर्ने भौतिक पूर्वाधारलाई सघिंय र प्रदेश सरकारसँग समन्वय गरि आवधिक एवं रणनैतिक योजना बनाई लागु गर्नुपर्नेछ ।

(घ) नयाँ निर्माण हुने भौतिक संरचनाहरु अपाङ्ग र जेष्ठ नागरिक मैत्रि हुन पर्नेछ र वर्तमान सरंचनालाई पनि सेवाग्राही मैत्रि बनाउनका लागि स्वास्थ्य संस्थाहरुको स्तरोन्नती एवं पूर्वाधार विकास योजना बनाई गाउँपालिकाले लागु गर्नुपर्नेछ ।

(ङ) गाउँपालिकाले प्रत्येक स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला व्यवस्थापन र संक्रमण नियन्त्रण गर्न संघिय, प्रदेश सरकारको मापदण्डलाई पालना गर्नु गराउनु पर्नेछ र सर्त अनुसारका अस्पतालमा वेष्ट केयर म्यानेजमेटको अवधारणा लागु गर्नुपर्नेछ ।

(च) प्रत्येक स्वास्थ्य संस्थामा अन्य संघ संस्थासगँको सहकार्यमा मापदण्ड अनुसार रक्तसञ्चार केन्द्र संचालन गर्न सकिनेछ ।

## परिच्छेद - ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धि व्यवस्था :

**२३. स्वास्थ्यकर्मीको व्यवस्थापन :**

गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु ।

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाँउपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाँउपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य तथा सरसफाइ अभियानकर्ता र स्वयंसेविका ।

**२४. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था:**

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु देहाय बमोजिम नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ४०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र १००० जनसंख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ता तथा उपादानको ब्यबस्था गरि बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

**२५. स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँकार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(३) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, यातायात खर्च, प्रोत्साहन रकम, स्वास्थ्य

सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**२६. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति :**

(१) सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले निर्धारण गरे अनुसार हुनेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रित्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – संयोजक
(ख) गाउँकार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना विज्ञ – सदस्य
(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२७. कर्मचारी सरुवा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा विशेष परिस्थिती बाहेक न्यूनतम ३ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा गर्न सकिनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम ३ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने अवस्था, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिने छ ।

**२८. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने :**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले स्वास्थ्य शाखा प्रमुखको परामर्शमा अन्य कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा ब्यवस्थापन तथा अनुगमन समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२९. कार्यसम्पादन मूल्यांकन :**

(१) कार्य सम्पादन गर्दा करारमा भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्याङ्कन र पुरस्कार गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था :

**३०. औषधी, स्वास्थ्य उपकरण एवं सामाग्रीहरुको खरिद सम्बन्धि व्यवस्था :**

(१) वार्षिक खरिद योजना बनाउनु पर्नेः

(क) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई गाउँ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद समितीले तयार गर्नेछ ।

(ग) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउनेछ ।

(घ) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा अर्को व्यवस्था नभईन्जेल सम्म नेपाल सरकारको सार्वजनिक खरिद ऐन २०६३ को प्रावधान अनुसार गर्नुपर्नेछ ।

(२) औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको भण्डारण :

(क) खरिद गरिएको औषधी, स्वास्थ्य उपकरण र सामाग्रीको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिसमा अर्को व्यवस्था नभईन्जेलसम्म नेपाल सरकारबाट तोकिएको औषधी, स्वास्थ्य उपकरण तथा सामाग्रि भण्डारण र्निदेशीका अनुसार व्यवस्था गरिने छ ।

(ख) गाउँपालिकाले खरिद गरेको उपकरण, औषधी र सामाग्रीको कुल परिमाण र मूल्य सार्वजनिक गर्नुपर्नेछ ।

(ग) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको औषधी, उपकरण र सामाग्रीको आम्दानी र खर्चको विस्तृत विवरण तोकिएको समयावधिमा सम्वन्धित गाउँ पालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

(घ) गाउँपालिका अन्तर्गत औषधि, उपकरण तथा सामाग्री भण्डारणको लागि पालिका स्तरीय भण्डारकक्षको व्यवस्था गाउँ कार्यपालिकाले मिलाउनु पर्नेछ ।

(ङ) महामारी एवं विपद व्यवस्थापनका लागि तीन महिना सम्मको लागी पुग्नेगरी वैकल्पिक जगेडा मौज्दात कायम हुनुपर्नेछ ।

(३) औषधीको व्यवस्था :

(क) गाउँपालिका अर्न्तगतका सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य सेवा अन्तर्गत आवश्यक पर्ने औषधिहरु नागरिकहरुलाई निःशुल्क वितरण गरिनेछ ।

(ख) गाउँपालिकामा खपत हुने अन्य औषधीको मुल्य नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) औषधी बिक्रिकर्ताले आफुले विक्रि गरेको औषधीको बिल अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(ङ) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**३१. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिइने छ ।

## परिच्छेद - ६

## जन-स्वास्थ्यको संरक्षण, सम्वर्द्धन र वातावरणीय व्यवस्था :

**३२. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(३) आपतकालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तोकिए बमोजिमको द्रुत प्रतिकार्य टोलीको निर्माण गाउँकार्यपालिकाले गर्नुपर्नेछ ।

(४) महामारी तथा विपद व्यवस्थापनका लागि गाउँपालिकाले विपद जोखिम न्यूनिकरणका लागि विपद प्रतिकृया एवं पूर्व तयारी योजना बनाई लागु गर्नुपर्नेछ ।

(५) महामारी वा विपदको परिभाषा मन्त्रालय वा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

**३४. सरसफाई तथा फोहोर मैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) स्वास्थ्य जन्य फोहरमैला संकलन, पुनः प्रयोग, प्रशोधन, विसर्जन र नियमनका लागि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम हुनेछ ।

(६) प्रत्येक स्वास्थ्य संस्थाले तोकेको मापदण्ड बमोजिम जोखिमरहित र जोखिमयुक्त फोहरहरुलाई छुट्याई व्यवस्थापन गर्ने कर्तव्य हुनेछ ।

(७) प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाले सेवा प्रदायकलाई स्वच्छः खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

**३५. जनस्वास्थ्यको संरक्षण, सम्वर्द्धन**

(१) गाउँपालिका भित्र खाद्यान्न, मासु, पानी लगायतका उपभोग्य वस्तु उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ बनाउने सम्बन्धमा संघीय सरकार र प्रदेश सरकारले तोकेको र प्रचलित कानुनलाई आधार मानी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) दार्मा गाउँपालिका भित्र ध्वनी, वायू तथा जल प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनिकरण गर्नका लागि संघीय कानुन, प्रदेश सरकारले तोकको मापदण्ड अनुसार हुनेछ ।

(३) वातावरणीय प्रदुषण तथा फोहोरमैलाबाट पर्ने प्रतिकुल प्रभाव नियन्त्रणका लागि संघीय सरकार, प्रदेश सरकारको मापदण्डलाई नै लागु गरिनेछ ।

**३६. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न न्युनिकरण गर्दै लगिनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ ।
(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।
(५) मदिरा, चुरोट, सुर्ती तथा सुर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने कुनैपनि विज्ञापन सामाग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।
(६) मानसिक तथा शारिरीक स्वास्थ्यलाई असर गर्ने कुनै सामाग्री तथा सेवा तर्फ आकर्षित गर्ने गरी गलत वा भ्रामक सूचना राखी विज्ञापनको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाईने छैन ।
(७) उपदफा (५) र (६) बमोजिमको हर्कत देखिएमा कार्यपालिकाको निर्णय बमोजिम कारवाहीको लागि स्थानीय प्रशासनमा सिफारिश गरिनेछ ।

## परिच्छेद - ७

## स्वास्थ्य, वित्त र सामाजिक सुरक्षा :

**३७. स्वास्थ्य सेवाको लागि बित्त व्यवस्थापनः**

(१) यस ऐनमा उल्लेखित सबै प्रकारका स्वास्थ्य सेवा प्रवाह गर्न दार्मा गाउँपालिकाले कुल वार्षिक बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य सेवामा छुट्याउनेछ । यस्तो बजेट बार्षिक रुपमा बृद्धि गर्दै लैजानुपर्नेछ ।
(२) गाउँपालिकाले गाउँपालिका भित्रका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन कोषको व्यवस्था गर्नुपर्नेछ ।
(३) उपदफा (२) बमोजिम स्थापना हुने **"आकस्मिक स्वास्थ्य सेवा कोष"** मा देहाय बमोजिमका रकमहरु रहन सक्नेछन् :
   (क) नेपाल सरकारबाट प्राप्त रकम ।
   (ख) प्रदेश सरकारबाट प्राप्त रकम ।
   (ग) गैह्र सरकारी तथा निजि संघ संस्थाबाट प्राप्त रकम ।
   (घ) दातृ निकायबाट प्राप्त रकम ।
   (ङ) गाउँपालिकाबाट कोषको लागि विनियोजित रकम ।
(४) उपदफा (२) बमोजिमको आकस्मिक स्वास्थ्य सेवा कोषको संचालन तथा व्यवस्थापन विधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनुपर्नेछ ।
(५) पालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा उपलब्ध रकम वा श्रोतको परिचालन स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको निर्णय बमोजिम प्रचलित कानूनको अधिनमा रही परिचालन गर्नुपर्नेछ ।
(६) हरेक स्वास्थ्य संस्थाको आर्थिक कारोबार संचालनका लागि छुट्टै बैंक खाता हुनेछ र उक्त खाताको संचालन उपदफा (५) बमोजिमको अधिनमा रही सम्बन्धित स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।
(७) प्रत्येक स्वास्थ्य संस्थाहरुले वार्षिक लेखा परिक्षण गर्ने व्यवस्था लागु गरिनेछ
(८) गाउँपालिका स्तरमा समेत स्वास्थ्य कार्यक्रमको वार्षिक लेखा परिक्षण गरिनेछ ।

**३८. सामाजिक सुरक्षा :**

(१) नेपाल सरकारद्वारा कार्यान्वयनमा रहेको स्वास्थ्य बिमा कार्यक्रम शुरु भएमा दार्मा गाउँपालिकाका सबै नागरिकलाई आबद्ध गराइनेछ । आर्थिक अभावका कारण विमामा आवद्ध हुन नसक्ने अति बिपन्न तथा पछाडि परेका वर्गलाई दार्मा गाउँपालिकाले संघीय, प्रदेश सरकारसँगको सहकार्यमा निःशुल्क विमा गराउने व्यवस्था गर्नुपर्नेछ ।

(२)	गाउँपालिका भित्र रहेका लक्षित बर्ग, महिला, बालबालिका, असहाय, अति बिपन्न तथा संघीय, प्रदेश र दार्मा गाउँपालिकाले तोकेका अन्य लक्षित समुहलाई बिशेष सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्था तोकिए बमोजिम मिलाउनु पर्नेछ ।

## परिच्छेद - ८

## स्वास्थ्य सेवा प्रवाहमा सुशासन

**३९. स्वास्थ्य सेवामा सुशासन :**

(१)	दार्मा गाउँपालिका भित्र प्रत्येक सरकारी स्वास्थ्य सेवामा सुशासन कायम गरि जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२)	स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य अधिकार नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्विकृत नमूना कार्यविधि २०७५ अनुरुप हुनेछ ।

(३)	गाउँपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाहरुले आफूले बर्षभरी प्रदान गरेको स्वास्थ्य सेवाको सामाजिक लेखा परिक्षण गराउने व्यवस्था मिलाईनेछ

(४)	गाउँपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न बहुपक्षीय समन्वय गरि छुट्टै व्यवस्था गर्नुपर्नेछ । यस्तो कार्य गर्दा स्थानीय तहको अगुवाई र सहकार्य सुनिश्चित गर्नुपर्नेछ ।

(५)	स्वास्थ्य, सुशासन एवं गुणस्तर सुनिश्चितताका लागि गाउँपालिका स्तरमा एक समितिको गठन गरिनेछ र उक्त समितिको नाम पालिका स्तरीय स्वास्थ्य, सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति रहनेछ ।

(६)	उपदफा (६) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| | गाउँपालिका प्रमुख | संरक्षक |
| (क) | सामाजिक विकास सामिति संयोजक | अध्यक्ष |
| (ख) | स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| (ग) | स्वास्थ्य आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना | सदस्य |
| (घ) | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना | सदस्य |
| (ङ) | गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्था प्रमुख मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना | सदस्य |
| (च) | गाउँ क्षेत्र भित्र कार्यरत पारामेडिक्स तथा निजि औषधि व्यवसायी मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना | सदस्य |
| (छ) | गाउँ क्षेत्र भित्रका स्वास्थ्य सम्बन्धि गैरसरकारी संस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना | सदस्य |
| (ज) | दलित, जनजाती, सिमान्तकृत र अल्प संख्यक मध्ये कार्यपालिकाले मनोनित गरेको २ जना (१ जना महिला सहित) | सदस्य |
| (झ) | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ञ) | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

उक्त समितिको प्रत्येक बैठकमा गाउँपालिका उपाध्यक्षलाई आमन्त्रित गर्नुपर्नेछ र समितिको समयावधि ५ बर्षको हुनेछ ।

(८)	उपदफा (७) बमोजिम गठन गरिएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)	आफ्नो कार्यक्षेत्र भित्र तथ्यमा आधारित स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँ पालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने, गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) कर्मचारी कार्यसम्पादनका आधारमा सम्मान तथा पुरस्कार सम्वन्धि विभिन्न प्रकारका कार्यहरु संञ्चालन गर्ने ।

(ञ) कार्यपालिकाले तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(९) अर्को व्यवस्था नभएसम्म नेपाल सरकारबाट मिति २०७५।६।२ मा प्रमाणिकरण भएको **सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५** लाई पालना गर्न गराउन पर्नेछ ।

(१०) यस गाउँपालिका वा पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नागरिकहरुको स्वास्थ्य सेवा पाउने वा सुसूचित हुने हकलाई सुनिश्चित गर्न नागरिक बडापत्र अनिवार्य गरिनेछ तथा अन्य संचारको प्रयोग समेत गर्न सकिनेछ ।

(११) गाउँपालिका वा पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नागरिक वा सेवाग्राहीको सुझावलाई सम्बोधन गर्न सुझाव संकलन एवं सम्बोधन प्रकृया सम्बन्धि कार्यविधि तयार गरी लागु गरिनेछ ।

(१२) स्वास्थ्य संस्थाहरुमा आधारभुत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पर्ने औषधि, सामाग्री, उपकरण र जनशक्तिको व्यवस्थापनलाई सुनिश्चित गरिनेछ ।

(१३) प्रत्येक स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत स्वास्थ्य प्रणाली एवं संस्थागत क्षमताको नियमित लेखाजोखा गरी पालिका स्तरमा प्रतिवेदन गर्ने प्रणालीको स्थापना एवं कार्यान्व्यन गरिनेछ ।

## परिच्छेद - ९

### ४०. स्वास्थ्य अनुषन्धान, सूचना ब्यवस्थापन, अनुगमन, मुल्याङ्कन

(१) स्वास्थ्य अनुसन्धान :

(क) दार्मा गाउँपालिकाले स्वास्थ्य सेवा संग सम्बन्धित बिषयमा अध्ययन, अनुसन्धान, खोजको व्यवस्था गर्न सक्नेछ ।

(ख) गाउँपालिकाले गाउँ भित्र उपलब्ध औषधी जन्य जडीवुटीको अध्ययन अनुसन्धान गरी त्यसको संरक्षण बिकास, उपभोग गर्न बहुपक्षीय सहकार्य (स्थानीय तह, निजिक्षेत्र तथा अन्य मन्त्रालयसँग) गर्न छुट्टै मापदण्ड बनाई कार्य गर्न सक्नेछ ।

(२) सूचना व्यवस्थापन :

(क) स्वास्थ्य सेवा सुचना व्यवस्थापन तथा आपूर्ति व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित गर्नु पर्नेछ र सोको आधारमा प्रत्येक बर्ष स्वास्थ्य क्षेत्रको बार्षिक रिपोर्ट तयार गर्नुपर्नेछ ।

(ख) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिबेदन तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था र गाउँपालिका स्वास्थ्य शाखा प्रमुखको दायीत्व हुनेछ ।

(३) अनुगमन, मुल्याङ्कन :

(क) गाउँपालिका मातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा गाउँपालिकाले स्वीकृती प्रदान गरेका निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको मापदण्ड अनुसार सेवा प्रदान र सर्त पूरा गरे वा गनरेको सम्बन्धमा गाउँपालिका आफै वा अन्य निकाय मार्फत नियमन, निरिक्षण अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

(ख) स्वास्थ्य संस्थाहरुबाट प्रतिवेदन गरिएका सेवाग्राहीको तथ्याङ्क र आपुर्ति व्यवस्थापनको सूचना प्रतिवेदनको पालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत नियमित तथ्याङ्क गुणस्तर परिक्षण गरिनेछ ।

(ग) नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृत गुणस्तरीय स्वास्थ्य सेवा सम्बन्धिका सूचकहरुको आधारमा सेवा प्रवाहको अवस्थाको अनुगमन गरिनेछ । उक्त अनुगमन स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समिति मार्फत गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद - १०

## विविध

**४१. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिस लिनुपर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**४२. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :**

संघ वा प्रदेशबाट जारी गरिएका राष्ट्रिय वा प्रादेशिक अभियानहरुलाई सफल गराउन गाउँपालिका स्तरबाट सहयोग पुऱ्याउनु पर्नेछ ।

**४३ नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्धेश्य कार्यन्यवन गर्न कार्यपालिकाले आवस्यक नीति नियम बनाउन सक्ने छ ।

(२) यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवस्यक कार्यविधि तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**४४ बाधा अड्काउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्धश्य कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

(२) उपदफा १ बमोजिमको आदेश गाउँसभाले छ महिना भित्रमा अनुमोदन नगराएमा स्वत निष्कृय हुने छ ।

**४५ खारेजी तथा बचाउ**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा संघ तथा प्रदेशबाट लागु भएको कानुन बमोजिम हुनेछ ।

(२) संविधान सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वतः निष्कृय हुने छ ।

**सभाबाट स्वीकृत मिति :**